सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक १९० ♦ २०८१ साल फागुन ७ गते बुधवार ♦ 19 Feb 2025 ♦ पृष्ठ ४ ♦ मूल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## नेता निधिको महिलालाई राजनीतिमा सहभागी गराउने विषयमा पहिलो आवाज उठाउने दल कांग्रेस रहेको दाबी




**खबर दर्पण समाचारदाता**

**फागुन ६ गते, जनकपुरधाम**

नेपाली कांग्रेसका पूर्व उपसभापति, केन्द्रीय सदस्य तथा सांसद बिमलेन्द्र निधिले नेपाली कांग्रेसकै योगदानका कारण महिलाको राजनीतिक सहभागिता वृद्धि भएको बताउनुभयो।

मंगलबार जनकपुरधामस्थित आयोजित मधेश प्रदेशमा नेपाली कांग्रेसमा महिला नेतृत्वको अवस्था, अवसर र चुनौती विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले संविधान सभादेखि हालसम्मको र ाजनीतिक यात्रा स्मरण गर्दै कांग्रेसले महिलाको नेतृत्व विकासमा प्राथमिकता दिएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो,“कांग्रेसकै पहलकदमीका कारण महिलाले आज विभिन्न तहमा राजनीतिक जिम्मेवारी प्राप्त गरेका छन्।” महिलालाई राजनीतिमा सहभागी गराउने विषयमा पहिलो आवाज उठाउने दल पनि कांग्रेस नै रहेको दाबी गर्नुहुँदै केन्द्रीय सदस्य निधिले भन्नुभयो,“संविधान बनाउने बेला महिलाको ३३ प्रतिशत सहभागिता बारे अवधारण कांग्रेसले ल्याएको हो। जसकारण आज महिला राजनीतिक पदमा पुग्न सकेका छन्।”

संङ्घीयतालाई बलियो बनाउनका लागि संविधान संशोधन आवश्यक रहेको बताउनुहुँदै उहाँले भन्नुभयो, “संविधान संशोधन भएमात्र प्रदेश अधिकार सम्पन्न हुन्छ, प्रदेशलाई अधिकार सम्पन्न बनाउन पनि संविधान संशोधन हुनुपर्छ।”

कांग्रेस महिला विभाग प्रमुख तथा पूर्व उपसभामुख पुष्पा भुसालले अध्यक्षता गर्दै कांग्रेसलाई जनप्रिय पार्टी बनाउने जिम्मेवारी नेताको काँधमा रहेको बताउनुभयो।

उहाँले भन्नुभयो,“नेतृत्व गर्ने व्यक्तिको भूमिका बलियो हुनुपर्छ। मधेशको भूमि क्रान्तिको आधार भूमि हो, नेपालमा संकट आउँदा, मधेशका महिला पनि पुरुषसँग काँधमा काँध मिलाएर अगाडि बढेका छन्।”

कांग्रेसले सातै प्रदेशमा यस्ता कार्यक्रम गर्ने योजना बनाएको भन्नुहुँदै उहाँले महिलाले प्राप्त गरेका हक र अधिकारलाई कांग्रेसले कति सुनिश्चित गर्‍यो भन्ने मूल्याङ्कन गर्न जरुरी रहेको उल्लेख गर्नुभयो।

‘‘केन्द्रीय सदस्य समेत रहनुभएका भुसालले लोकतन्त्रको स्थायित्वका लागि पार्टी संगठनलाई बलियो बनाउने आवश्यक रहेको छ’’, उहाँले भन्नुभयो,“सांसद, मन्त्री वा प्रधानमन्त्री बन्ने उद्देश्यले आन्दोलन गरिएको होइन। लोकतान्त्रिक मूल्य, मान्यताको रक्षा र समृद्धिको लक्ष्य नै हाम्रो प्राथमिकता हो। कांग्रेसले अवसर र मान्यता दिएर महिलाहरूलाई सशक्त बनाउनुपर्छ।”

सहभागीले मधेश प्रदेशमा महिलाको राजनीतिक सहभागिता अझै चुनौतीपूर्ण रहेको बताउँदै आगामी दिनमा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व वृद्धि गर्नुपर्नेमा जोड दिनुभएको थियो। कार्यक्रममा नेपाली कांग्रेसबाट महिला सांसद, महिला संघका प्रदेश तथा जिल्लाका पदाधिकारी, नेतृ तथा स्थानीय तहका निर्वाचित महिला जनप्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।

## “संविधानले नचिन्ने जिल्ला प्रशासन जस्ता कार्यालयको बारेमा बहस चलाउनुपर्ने आवश्यकता छ”




**खबर दर्पण समाचारदाता**

**फागुन ६ गते, जनकपुरधाम**

मधेश प्रदेशका गृह सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले तीन तहकै निर्वाचन एकै पटक हुनुपर्ने बताएका छन् ।

राष्ट्रिय समाचार समितिको ६४ औं वार्षिकोत्सवको अवसरमा राष्ट्रिय समाचार समिति मधेश प्रदेश कार्यालयले मङ्गलबार जनकपुरधाममा आयोजना गरेको सुशासन, विकास तथा समृद्धिका लागि राससको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री लेखीले देशको वर्तमान निर्वाचन प्रणाली खर्चिलो हुँदै गएको र सामान्य मान्छेलाई आउने दिनमा चुनाव लड्न समस्या हुने भन्दै एकै पटक तीनै तहको निर्वाचन हुँदा खर्च पनि कम लाग्ने बताए ।

उनले सुशासनको कुरा गर्ने मान्छेको कार्यक्षेत्रमा सुशासन छकि छैन, भन्ने विषयमा सञ्चार माध्यमहरूले निगराणी राख्नुपर्ने भन्दै कार्यक्षेत्रमा सुशासन नभएका व्यक्तिले सुशासनको कुरा गर्न नमिल्ने बताए।

मन्त्री लेखीले सुशासनको बारेमा बुझ्नु र बुझाउनु आवश्यक रहेको भन्दै सुशासन कायम गर्न प्रतिबद्ध हुनु जरुरी रहेको बताए। उनले भने, “जहाँ सुगमता छैन, विकटता छ त्यहाँ शिक्षा, स्वास्थ्य, पर्यटन सहितको क्षेत्रमा राम्रो काम भएको छ । तर हामीतिर सुगमता भए पनि शिक्षा, स्वास्थय, पर्यटनसहितको क्षेत्रको अवस्था दयनीय छ ।” उनले मधेश प्रदेश प्राकृतिक रुपमा सुगम भएपनि शिक्षा, स्वास्थ्य तथा पर्यटनको क्षेत्रमा पहाडको दुर्गम भन्दा पछाडि पर्नु चिन्ताको विषय भएको बताउँदै संविधानको संशोधन गर्दा तीन तहका सरकारको संरचनामा भएको त्रुटिको संशोधन आवश्यक भएको बताए ।

उनले संविधानले अधिकार सम्पन्न बनाउनका लागि स्वायत प्रदेश, स्वायत क्षेत्र र स्वायत इलाकाको परिकल्पना गरे पनि यस विषयले समाचारमाध्यममा स्थान पाई नराखेको उनले बताए ।

मन्त्री लेखीले संविधानले प्रदान गरेको कतिपय अधिकारहरू कार्यान्वयनमा नआएकाले कार्यान्वयनका लागि आवाज उठान सञ्चार जगतलाई आग्रह गरे । उनले भने, “संविधानले जिल्ला प्रशासन कार्यालयलाई चिन्दैन, तर त्यहाँबाट करोडौं र कम खर्च हुन्छ, त्यसैले संविधानले नचिन्ने कार्यालयको बारेमा बहस चलाउनुपर्ने आवश्यकता छ ।”

उनले आफ्नो मन्त्रालयले चालु आर्थिक वर्षमा कम्तीमा ९० प्रतिशतभन्दा माथि बजेट खर्चिने किसिमले काम गरिरहेको बताउँदै उनले राष्ट्रिय समाचार समितिले विगतमा पनि देश जनताका लागि भूमिका खेलेको

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# माटोसँग प्रेम जीवनभरको रोजगारी

**विष्णु गुप्ता**

**फागुन ६ गते, महोत्तरी**

जोखिममैं परिवर्तन' हुन्छ भन्ने सन्देशलाई यथार्थमा बदलिदिएका श्री हनुमान फलफुल नर्सरीका संचालक रामबलेश साहको कथा वास्तवमा प्रेरणामूलक छ। प्रायः किशोरावस्थामा आफ्नो लक्ष्य र रुचिप्रति अनिर्णित हुने अवस्थालाई हेर्दा, रामबलेश साहलाई भने आफ्नो रुचि राम्ररी थाह थियो। "२५ वर्षको हुँदा स्थानिय हाटबजार पुगेर खानेतेल,मट्टितेल विक्री गर्दै थिए तर मन भने केहि नयाँ गर्नुपर्छ भन्नेमा केन्द्रित थियो गाउँमा हुर्केको हुँदा माटोसँग प्रेम त थियो नै जीविकोपार्जनका लागि कृषिलाई नै रोजगारी बनाए" रामबलेश साह बताउछन ।तीन कक्षा सम्म मात्र अध्ययन गर्न पाएका रामबलेश साहलाई कृषिबारे खासै जानकारी भने थिएन, न त ठुलो पूँजी नै थियो तर सीप आर्जन गर्न साह दृढ संकल्पित थिए।

गौशाला कृषि कार्यालयका जे.टी.ए तथा कृषि सम्बन्धी प्रशिक्षण दिने कर्मचारी गाउँमा पुग्दा उनी हर्षका साथ पुग्ने गरेको र आफ्नो जिज्ञासाहरु समेत राख्ने गर्दथे। तालिमहरुमा पुग्दै ज्ञान आर्जन गर्दै परम्परागत कृषि र आवश्यक प्राविधिक सीप पनि हासिल गरेर । उनले २०५३ सालमा आफ्नै घडेरीको १० धुर जग्गामा श्री हनुमान फलफुल नर्सरी संचालन गरे ।

जेटिएले कलमी विरुवा तयार गर्न सिकाई दिएपछि बिस्तारै उनले दैनिक ३० रुपया मात्र आमदनी हुने तेल बिक्री गर्ने व्यापारलाई छोडेर कृषि पेशा तर्फ धैर्यपूर्वक समर्पित भए । त्यसपछि कैयौ तालिम प्राप्त गर्ने अवसर पाएका कृषक रामबलेश साह अहिले २ विग्हा जग्गामा चार ठाउँमा आफनै नर्सरी संचालनमा रहेको बताए । नर्सरीकै आम्दानीबाट २०५८ साल तिर एक विग्हा १० कट्ठा जग्गा खरिद गरी नर्सरी क्षेत्रमै दुई तले पक्की घर र हनुमान मन्दिर समेत निर्माण गरेको कृषक साहले बताए ।



अहिले महोत्तरीको गौशाला नगर पालिका-३ ईटाटारमा उनको श्री हनुमान फलफुल नर्सरी संचालनमा रहेको छ। श्रीमती र तिन छोरासँगै सपरिवार उनको दिनचर्या नर्सरीमा बिरुवा हुर्काउन,विक्रीवितरण गर्न र नयाँ अनुभव आर्जन गर्नेमैं बित्छ । दैनिक ३० रुपयाको आमदानी मात्र गर्ने कृषक साह वर्षको लाखौ आम्दानी आर्जन गर्न भ्याएका छन भने कैयौलाई रोजगार समेत दिएका छन ।

कृषि व्यवसायबाट उनले आफ्नो छोराहरुलाई राम्रो शिक्षा पनि दिन सफल भए घरपरिवारको लालशा पूर्ति गरे। कृषि कर्ममा उनले गरेको संघर्ष र पाएको सफलताले २०७१/०७२ मा उनलाई राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारको प्रमाण पत्रले उनि सम्मानित भए। अहिले समाजिक प्रतिष्ठामा वृद्धि र परिवारको आर्थिक अवस्था सबल गर्न कृषि पेशाले धेरै थोक दिएको र आफ्नो संघर्षबाट सन्तुष्ट भएको कृषक रामबलेश साहले आफ्नो खुशी व्यक्त गर्छन् ।

वार्षिक १५ देखी २० लाख समम् आमदानी दिने उनको श्री हनुमान फलफुल नर्सरी कोरोना कालपछि मन्दि अनुभव गरेपनि पेशालाई निरन्तरता दिदै ३६ प्रकारको विभिन्न जातको फलफुल र विरुवाहरु उत्पादन र विक्रि वितरण गर्दै आएको उनले बताए। यस क्षेत्रमा दुर्लभ मानिने मरिचको खेतीसँगै आफ्नै नर्सरीमा फुलेको फुलबाट बिहेमा जन्ति जाने सवारी साधनलाई सजाएर अतिरिक्त आमदानी पनि गर्नेगरेको उनले बताए । दैनिक ३० रुपयाको आमदानीलाई छोडेर कृषि पेशामा आउने जोखिम नलिएका भए कृषक रामबलेश साहको दैनिकी र जीवनमा परिवर्तन नहुँन् पनि सक्थयो ।वैदेशिक रोजगारलाई त्यागेर माटोसँगको प्रेमले उहाँलाई जीवनभरीको रोजगारी दिएसँगै मान प्रतिष्ठालाई सम्मान योग्य बनाईदियो ।



# "संविधानले नचिन्ने जिल्ला प्रशासन .....

भन्दै आगामी दिनमा पनि अझ परिस्कृत भएर कामकाज गर्न रासस टिमलाई शुभकामना दिए ।

राष्ट्रिय समाचार समिति मधेश प्रदेश कार्यालय जनकपुरधामका प्रमुख सुरेश झाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मंडल, जनकपुरधाम उपमहानगरपालिका नगर प्रमुख मनोज साह, मिडिया काउन्सिलका कार्यबाहक अध्यक्ष कैलाश दास, आमसञ्चार प्राधिकरणका निवर्तमान अध्यक्ष श्यामसुन्दर यादव, नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष पुरण साह, वरिष्ठ पत्रकार अजय झासहितकाले शुभकामना मन्तव्य राखेका थिए ।


## माइग्रेसन सर्टिफिकेट हरायो

बर्दिवास बजारवाट जनकपुरधाम जाने क्रममा २०८१।१०।२५ गते निम्न व्यहोरा भएको माईग्रेसन प्रमाणपत्र हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा ९८१२१८३२२१ नम्बरमा फोन गरेर जानकारी गराई दिनु हुन अनुरोध छ ।

नाम : सुनिल कुमार यादव

कक्षा : १०+२

सिम्बल नं.: २१८००७५९

पास भएको वर्ष : २०७०

विद्यालयको नाम : जनता बहुमुखी उ.मा.वि. बर्दिवास, महोत्तरी

सम्पर्क : ९८१२१८३२२१


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| ऑखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सर्लाहीको सागरनाथ वन क्षेत्रमा व्यापक काठ तस्करी

**रितीक अधिकारी**

**फागुन ६ गते, सर्लाही**

सर्लाहीको सागरनाथ वन क्षेत्रबाट व्यापक रुपमा काठ तस्करी भइरहेको पाइएको छ। सर्लाहीको सागरनाथ वन विकास परियोजना भित्रको सागरनाथ,हातीलेद, लक्ष्मूनीया,मुर्तीया जंगलमा व्यापक काठ तस्करी भएको छ । पछिल्लो समय सर्लाहीको सागरनाथ वन विकास परिवजनाको अवस्था हेर्ने हो भने बन तस्करहरुले व्यापक फँडानी गरेको पाइएको छ । सागरनाथ वन विकास परियोजना निमीत प्रमुख सहित परियोजनाका अधिकृत,रेन्जर र वन हेरालूहरु मौन देखिनुले उनीहरुको संग्लग्नतामा परियोजना भित्रको जंगलमा व्यापक काठ तस्करी भएको पाइएको छ ।

सागनाथ वन विकास परियोजना सूरु भयको ४६ बर्ष पूगेको छ। सिसौ मसला लगायत छिटो हूर्कने प्रजातिका बिरुवा रोपी काठ उत्पादन बढाउने उद्देश्यले वि :स २०३५ सालमा सरकारले यो परिवजना सूरु गरेको हो । परिवजनाले सर्लाही महोत्तरी र रौतहट जिल्लामा गरि करिब १३ हजार ५सय हेक्टर वन क्षेत्र ओगटेको छ । विकास समिति ऐन २०१३ मा टेकेर सरकारले २०३३ सालमा वन पैदावार विकाश समिति गठन गऱ्यो। २०३५ साल साउन ११ गतेको आदेशको पहिलो संशोधन भएपछि वन पैदावार विकाश समिति अन्तर्गत सागरनाथ वन परिवजना स्थापना भयको हो। सागरनाथ वन विकास परियोजना एसियाकै दोस्रो ठूलो परियोजना हो ।

सम्पूर्ण वनकर्मीहरूको अध्ययन थलो रहेको सागरनाथ वन विकास परियोजना नेपालकै सबैभन्दा ठूलो वृक्षारोपण र कपिस व्यवस्थापनको नमुना वन क्षेत्र सागनाथ वन विकास परियोजना हो। नेपाल सरकारलाई सबैभन्दा बढी राजस्व संकलन गर्ने संस्था सागनाथ वन विकास परियोजना हो । यही परियोजनाका जंगलमा व्यापक काठ तस्करी भएको पाइएको छ । काठ तस्करीका कारण परियोजनाका कर्मचारीले करिब ११ महिना देखी तलब पाएका छैनन् ।

सागनाथ वन विकास परियोजना अर्न्तगत रहेको जंगलबाट अहिले व्यापक मात्रामा टिक,साल र खयर जस्ता रुखहरु तस्करी भएको छ । तस्करहरुले परियोजनाका कर्मचारी अधिकृत,रेन्जर र वन हेरालूहरु मौन देखिनुलेनि सबैसङ्ग सेटिङ्ग मिलाएर रुख काट्ने र ओसार पसार गर्ने गरेको स्थानियले बताए। काटेर तयार पारिएका टून दिउँसो, साझ वा रातीको समयमा तस्करहरुले सवारी साधनहरु प्रयोग गरेर लैजाने गरेको स्थानिय बताउ छन । वन पैदावार विकाश समितिमा अध्यक्ष नियूक्ति नहूदा परियोजनाका कर्मचारी अधिकृत रेन्जर वन हेराल लगायतका कर्मचारी काठ तस्करी लाग्दा तस्करी भयको स्थानिय संजय यादब बताउ छन ।

परियोजनाको प्रमुखमा सह सचिबको दर्रबन्दी भयकोमा वन पैदावार विकाश समितिका पूर्ब अध्यक्षले आफ्ना ईसारामा चल्ने सहायक अनूसन्धान अधिकृतलाई निमीत परियोजना प्रमुख बनायर पठायका थिय। सो निमीत परियोजना प्रमूख खेमलाल बिक साउनमा तिन महिनाको लागी परियोजनामा आयका थिय । समय सकीय पनि निमीत परियोजना प्रमूख अहिलेपनी सागरनाथ वन विकास परियोजनामै छन । उनलाई परियोजनाको चिन्ता छैन। निमीत परियोजना प्रमुखले कार्यालयमा समय पनि दिदैनन् । परियोजना प्रमुख खेमलाल बिक को देखाउने दाँत एउटा र गर्ने काम अर्को रहेको पाईयको छ । परियोजनाको जंगलबाट अहिले व्यापक मात्रामा बहूमूल्य काट तस्करी भइरहेको छ । परियोजनामा स्थायी, करार र दैनिक ज्यालादारी गरी हाल एक सय ७० जना कर्मचारी रहेका छन्। परियोजनाका कर्मचारीहरुले परियोजनाको गस्ती समेत नगर्ने गरेको तस्करहरुले व्यापक वन फँडानी गरेकोबाट पनि थाहा पाउन सकीनछ। परियोजनाको सवारी साधन समेत दुरुपयोग भैरहेको छ । परियोजनाको सवारी साधन बन गस्तीमा भन्दापनि अरुनै काममा बढि पयोग हूने गरेको स्थानिय बताउछन ।




सागरनाथ वन विकास परियोजनाको सागरनाथ, हातीलेद, मुर्तीया, लक्ष्मूनीया जंगलमा अवस्थित परियोजना क्षेत्रमा तस्करहरुले व्यापक फँडानी गरेको पाइएको छ। सागरनाथ वन विकास परियोजना निमीत प्रमुख सहित परियोजनाका अधिकृत,रेन्जर र वन हेरालूहरु मौन देखिनुले उनीहरुको संग्लग्नतामा परियोजना भित्रको सागरनाथ,हातीलेद,मुर्तीया, लक्ष्मूनीया जंगलमा व्यापक काठ तस्करी भएको पाइएको स्थानीय बिजय बाहादूर लामाले बताएका छन् । तस्करहरुले व्यापक फँडानी गरेका ठाउमा रहेको रुखका जरा उखाल्न लगाउने गरेको परियोजनाका कमर्चारिहरु बताउ छन ।

सागरनाथ वन विकास परियोजनाको सागरनाथ,हातीलेद,मुर्तीया जंगलमा अवस्थित परियोजना क्षेत्रमा तस्करहरुले व्यापक फँडानी गरेका ठाउहरु चोरि भयको सागरनाथ क्षेत्रको ५ नम्बर टिक पलट,११ साल प्लट २ नम्बर टिक प्लट ६ नम्बर मसला प्लट १२ १३ १४ १५ नम्बर साल पलट , ७ नम्बर साल पलट तथा ग्रीन बेल्ट , भक्तिपूर क्षेत्रको १८ नम्बर टिक पलट २१ २२ २३ २४ साल पलट, भक्तिपूर क्षेत्रकै हरिओ डाडा मसला पलट बाट हातीलेद क्षेत्रमा तस्करहरुले व्यापक फँडानी गरेका ठाउहरु हातिलेड क्षेत्रको ८ , १३ नम्बर मसला तथा साल पलट , कूस्माडी क्षेत्रको ८ मसला ३ ए खयर पलट , ३ डि साल पलट ४, ९, १० नम्बर साल पलटमा मुर्तीया क्षेत्रमा तस्करहरुले व्यापक फँडानी गरेका ठाउहरु चालि ६,७ पलट , बालगंगा २, ३ नम्बर पलट जिरायत १७ नम्बर पलटलगायतका परियोजनामा तस्करहरुले व्यापक वन फँडानी गरेको पाइएको छ ।

परियोजनाको सर्लाही र महोत्तरि क्षेत्रमा तस्करहरुले परियोजनाका वनमा व्यापक वन फँडानी गरेको पाइएको छ। प्रतिबन्धित वहुमूल्य काठहरु काँटिदा समेत सरोकार बाला निकायलाई जानकारि गराउदा समेत मैन देखियका छन । परियोजनामा काठ तस्करी हुँदा बिक्रीका लागी परियोजना परिसरमा थुपारेर र ाखिएको काठ बिक्री नभयको स्थानिय शकंर प्रसाद फुयाल बताउ छन ।

सो बिसयमा सागनाथ वन विकास परियोजना निमीत परियोजना प्रमुख खेमलाल बिकलाई सोध्दा तस्करी कम गर्न हामी परियोजनाका कमर्चारि लागीपरेका छै । तस्करी कम गर्न समय तोकेर भन्दा पनि छिटो भन्दा छिटो तस्करी कम गर्ने परेत्न गर्ने छौ भन्दै परियोजनाको तस्करी नभय जसोगरी निमीत परियोजना प्रमुख खेमलाल बिक पन्छिय । वन जंगल तस्कर हुँदा पनि सम्बन्धित मन्त्रालय र वन पैदावार विकास समिति मौन बसिरहेका छन। परियोजनामा सक्षम प्रयोजना प्रमुख र कार्यकारी अध्यक्ष नियुक्ति नभए सम्म सागरनाथ वन विकास प्रयोजनाको वन जङ्गल तस्करहरुको राजनै हुने स्थानीयबासी बताउछ्न । त्यसकारण छिटोभन्दा छिटो सक्षम योग्य प्रयोजना प्रमुख र कार्यकारी अध्यक्ष नियुक्ति गरि यस परियोजनालाई तस्करी तथा बन अतिक्रमण रोक्ने काममा टेवा पुराउन सके परियोजना सखाब हुन बाट बच्ने जानकारहरु बताउछ्न ।

परियोजना काठ बिक्री भयको रकम मध्यको २० प्रतिसद र कम उपदानकोसमा राख्ने ब्यबस्था हून्छ। त्र काठ बिक्री नभयकोले उपदान समेत दिन नसकेको बताउछन । कर्मचारीहरुले जागिर सकियपछी उपदान पाउने ब्यबस्था भयपनि जागिरबाट अबकास भयका २० जनाले अहिले सम्म उपदान पायका छैनन्। भने २ जनाको उपदान आउने आस कूर्दा कूदै जेहान्त समेत भैसकेको छ ।

वन ऐन, २०७६ मा राष्ट्रिय वन फाँड्ने कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ। तर कानुन पालना गराउने निकाय एवम् परियोजना कर्मचारी हरुले खासै चासो नदिदाँ तस्करहरुको मनोवल बढ्दै गइरहेको छ ।



**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ईको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# नेपालमा एमसीसी परियोजना स्थगित, भविष्यबारे 'अन्योल'

**खबर दर्पण समाचारदाता**
**फागुन ६ गते, बर्दिवास**

नेपालमा अमेरिकाको एक मुख्य सहयोग कार्यक्रम एमसीसी अहिलेका लागि स्थगन गरिएको अर्थमन्त्रालयका प्रवक्ता एवं सहसचिव श्यामप्रसाद भण्डारीले बताएका छन्।

मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसीसीले आफ्नो कार्यक्रम स्थगनबारे मन्त्रालयका अधिकारीलाई इमेलबाट जानकारी दिएकाले मन्त्रालयले स्थगनको निर्णय गरेको भण्डारीले बताए।

अमेरिकी सहायता संस्था 'मिलेनियम च्यालेन्ज कर्पोरेसन' (एमसीसी) अन्तर्गतका परियोजना नेपालमा हाललाई स्थगित भएका छन् । अर्थ मन्त्रालयका अनुसार नेपाललाई यसबारे २ फागुन २०८१ मा औपचारिक रूपमा जानकारी गराइएको हो ।

२९ भदौ २०७४ मा नेपाल सरकार र एमसीसीबीच परियोजना कार्यान्वयन सम्बन्धी सम्झौता भएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २० जनवरी २०२५ को कार्यकारी आदेशका कारण ९० दिनका लागि रोकिएको मन्त्रालयले जनाएको छ।

एमसीसी सम्झौता अनुसार कुनै एक पक्षले चाहेमा ९० दिनको समय दिएर सम्झौता रद्द गर्नसक्ने व्यवस्था छ। तर, अमेरिकाले स्थगनको पत्र पठाएर सहयोग तत्कालै लागू हुनेगरी सम्झौता स्थगन गरेको हो ।

# लागु औषध ब्राउन सुगर सहित धनुषाबाट एकजना पक्राउ



**खबर दर्पण समाचारदाता**
**फागुन ६ गते, बर्दिवास**

लागु औषध ब्राउन सुगर सहित धनुषाबाट एकजनालाई पक्राउ गरिएको छ।

पक्राउ पर्नेमा धनुषाको गणेशनाथ चारनाथ नगर पालिका १ छघरिया बस्ने ३२ वर्षीय राजेश यादव भन्ने राजु यादव रहेको प्रहरीले जनाएको छ।

लागु औषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासबाट खटी गएको प्रहरी टोलिले गणेशनाथ चारनाथ नगर पालिका १ आसपासमा अवैध लागु औषध कारोबार हुदैछ भन्ने विशेष सूचनाको आधारमा यादवलाई पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय ढल्केबर ले बताए ।

यादवलाई प्रहरी टोलीले गणेशनाथ चारनाथ १ स्थित महेन्द्र राजमार्गबाट करिब १०० मिटर दक्षिण तर्फको खुल्ला चउर मा प्रदेश २-०२-००४ प ९०३७ नम्बरको मोटरसाईकल शंकास्पद रुपमा रोकीराखेको अवस्थामा खानतलासी गर्दा पाईन्टको दाहिने गोजीमा कालो रंगको प्लास्टिकको टुक्रामा बेरी सेतो प्लास्टिकमा लुकाई छिपाई राखेको अवस्थामा अवैध लागु औषध (ब्राउन सुगर) जस्तो देखिने गिलो पदार्थ फेला परेको इप्रका ढल्केवरले बताए ।

निजको साथबाट बरामद भएको ब्राउन सुगर प्लास्टिक सहित ४८.३६ ग्राम र प्लास्टिक हटाई तौल गर्दा ३९.१९ ग्राम रहेको प्रहरीले जनाएको छ।

यादवलाई मोटरसाइकल, लागु औषध तौल गर्न प्रयोग गरिने डिजिटल तराजु र एप्पल कम्पनीको मोवाईल थान-१ सहित आवश्यक कारवाहीको लागि ईलाका प्रहरी कार्यालय ढल्केबर धनुषा बुझाईएको छ ।

# मधेशका ८५ प्रतिशत छात्राले लगाए एचपीभी खोप

**खबर दर्पण समाचारदाता**
**फागुन ६ गते, बर्दिवास**

मधेश प्रदेशका जिल्लाहरूमा महिलाहरूको पाठेघरको मुखमा लाग्ने क्यान्सर रोग विरुद्धको एचपीभी खोप लिने किशोरीहरूको सङ्ख्या ८५ प्रतिशत पुगेको छ ।

नेपाल सरकारले निःशुल्क रुपमा प्रदान गरेको एचपिभि खोप लिनेमा रौतहट जिल्ला सबै भन्दा बढी अर्थात् ९९ सय प्रतिशत रहेको स्वास्थ्य निर्देशनालयका खोप सम्पर्क व्यक्ति एवं खोप अधिकृत लक्ष्मेश्वर झाले जानकारी दिनुभएको हो ।

रौतहट जिल्लामा रहेको ४९ हजार २ सय ६९ जना किशोरी मध्ये ४८ हजार ८ सय २१ जनाले खोप लिएको जानकारी दिनु भएको हो । सबै भन्दा कम खोप धनुषा जिल्लामा लिएको छ । धनुषा जिल्लामा रहेका ५६ हजार २ सय ८२ जना किशोरी मध्ये ४१ हजार ४ सय ४३ जनाले हिजो सम्ममा खोप लिएका छन् ।

यसै गरि सप्तरी जिल्लामा ८९ प्रतिशतले खोप लिएका छन् । उक्त जिल्लामा रहेका ३६ हजार ७ सय १ जना किशोरी मध्ये ३२ हजार ५ सय ५३ जनाले खोप लगाएका छन् । सिरहा जिल्लामा ८२ प्रतिशत अर्थात् ४५ हजार ४ सय ६२ जना मध्ये ३६ हजार ३ सय ४७ जनाले खोप लगाएको मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयले जानकारी दिएको छ ।

महोत्तरी जिल्लामा ४५ हजार ४ सय ६४ किशोरी रहेकोमा ३७ हजार ८ सय ७९ जनाले खोप लगाएका छन् भने सर्लाही जिल्लामा ९६ प्रतिशतले खोप लिएका छन् । सर्लाहीमा ५१ हजार ७ सय २४ लक्षित छात्रा मध्ये ४४ हजार ५ सय ५ जनाले खोप लगाएका छन् ।

बारा जिल्लामा ८१ प्रतिशतले खोप लिएका छन् । बारामा ४५ हजार ५ सय ३५ किशोरी मध्ये ३६ हजार ९ सय ८३ जनाले खोप लगाएका छन् भने पर्सा जिल्लामा ८९ प्रतिशतले खोप लिएका तथ्याङ्क रहेको छ । पर्सा जिल्लामा ३८ हजार ६ सय ८६ मध्ये ३४ हजार २ सय ५६ जनाले खोप लिएको स्वास्थ्य निर्देशनालयको तथ्याङ्कमा रहेको छ ।

मधेश प्रदेशमा विभिन्न विद्यालयहरूले उपलब्ध गराएको तथ्याङ्क मध्ये ८५ प्रतिशत अर्थात् ३ लाख १३ हजार ७ सय ७७ जनाले हिजोसम्म खोप लिएका छन् ।

यता विद्यालय बाहिर भएका १० वर्ष देखि १४ वर्षका किशोरीलाई आज पनि एचपिभिको खोप सम्बन्धि स्वास्थ्य संस्थाहरूमा दिने काम जारी नै रहेको छ । छुट भएकाहरूलाई स्वास्थ्य संस्थामा लाउनका लागि आग्रह गरिएको छ ।

## सूचना । सूचना ॥ सूचना ॥।

'महाशिवरात्री तथा २६२ औं सेना दिवस-२०८१' को अवसरमा श्री मध्य पूर्वी पृतना हे.क्वा.द्वारा मधेश प्रदेश प्रमुखको प्रमुख आतिथ्यता तथा मुख्य मन्त्रीको विशिष्ट आतिथ्यतामा प्रदेश स्थित सरकारी गैरसरकारी कार्यालयका प्रमुखहरु, स्थानीय निकायका प्रमुखहरु तथा सर्वसाधारणहरुको उपस्थितिमा मिति २०८१। ११। १४ गते तपसिल अनुसारको कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रम | समय | कै. |
| --- | --- | --- | --- |
| १. | निःशुल्क स्वास्थ्य शिविर संचालन | मिति २०८१।११।१४ गतेको ०८:०० बजेदेखि १६:०० बजेसम्म | |
| २. | फोटो प्रदर्शनी | मिति २०८१।११।१४ गतेको १०:०० बजेदेखि १६:०० बजेसम्म | |
| ३. | सैनिक कला तथा सांस्कृतिक कार्यक्रम | मिति २०८१।११।१४ गतेको १६:०० बजेदेखि १७:३० बजेसम्म | |

सेनानी
नि.गणपति


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
**अति आवश्यक जानकारी**

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :**

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

**ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :**

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाइं, लाइटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,